# Capacity Building Training of Center Mobilizer

## 2076 Baisakh 08, Bardibas Regional Office




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय बर्दिवास, महोत्तरीको आयोजनामा मिति २०७६ बैशाख ०८ गते बर्दिवासमा **"Capacity Building Training Of Center Mobilizer"** सम्पन्न गरिएको छ । उक्त तालिममा क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रबन्धक, कार्यक्रम अधिकृतद्वय र आ.ले.प. विभागका व्यवस्थापकको उपस्थितिमा बर्दिवास क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयका २९ जना केन्द्र परिचालकहरुको सहभागितामा तालिम सम्पन्न गरिएको हो ।



कार्यक्रममा केन्द्र बैठक संचालनमा केन्द्र परिचालकको भुमिका, कर्जा जोखिम व्यवस्थापन, सदस्य तथा ऋणी बृद्धि गर्ने उपायहरु, संस्थाका प्रोडक्टहरु कर्जा, बचत, बीमा र बिप्रेषण सम्बन्धमा सहभागीहरुलाई जानकारी गराउनुको साथै कर्जा विश्लेषण, कर्जा सदुपयोगिता, ग्राहक सम्बन्ध र ट्याबलेट संचालन गर्ने सम्बन्धमा जानकारी गराइएको थियो ।